# राष्ट्रिय सामाजिक पार्टी

## घोषणा पत्र

**भ्रष्ट्राचार न्युनिकरणँ/सजाय र उपाय**

- भ्रष्टाचार राष्ट्रद्रोह सरहको अपराध हो । जनताको सम्पत्ति लुट्ने व्यक्तिलाई कुनै राजनीतिक, प्रशासनिक वा आर्थिक संरक्षण दिइने छैन साथै भ्रष्टाचारलाई राष्ट्रिय आर्थिक आतंकवाद घोषणा गरिने छ ।
- सार्वजनिक पदाधिकारी, मन्त्री, सांसद, कर्मचारी तथा सरकारी ठेकेदारले आफ्नो सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने र स्रोत खुलाउन नसकेको सम्पत्ति स्वत: राज्यको स्वामित्वमा ल्याइने ।
- वर्तमान निकायहरूको पुनर्संरचना गरी पूर्ण स्वतन्त्र अनुसन्धान र अभियोजन अधिकारसहितको भ्रष्टाचार अनुसन्धान जन आयोग स्थापना गरिने र आयोग प्रमुख नियुक्तिमा राजनीतिक भागबण्डा पूर्ण रूपमा निषेध गरिने ।
- विदेशमा लुकाइएको सम्पत्ति ट्र्याक गरिने र लुकाइएको सम्पत्ति खोज्न अन्तर्राष्ट्रिय संयन्त्रसँग सहकार्य गरि बैंक खाता, कम्पनी, घरजग्गा, क्रिप्टो सम्पत्ति, लगायत का अवैध सम्पत्ति नेपाल फिर्ता ल्याउने विशेष अभियान सञ्चालन गरिने ।
- भ्रष्टाचार अनुसन्धान जन आयोगलाई स्वायत्त राख्दै त्यसको कार्यसम्पादनमाथि राष्ट्रपतिको संवैधानिक निगरानी तथा जनताको पारदर्शी सार्वजनिक निगरानीको व्यवस्था गरिने ।
- अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल फरेन्सिक, ब्लकचेन ट्र्याकिङ तथा बिग डेटा प्रणाली प्रयोग गरिने, सरकारी खरिद, कर, राजस्व, बैंकिङ तथा सार्वजनिक खर्चको विश्लेषण AI प्रणालीबाट गरिने र अस्वाभाविक कारोबार स्वत: चिन्ने प्रणाली विकास गरिने ।
- नक्कली बिल, रकम बिर्धि , कमिसन, मिलेमतो तथा कालो धन पहिचान गर्न डिजिटल निगरानी प्रणाली लागु गरिने ।
- भ्रष्टाचार नियन्त्रण, आर्थिक पारदर्शिता र कालोधन नियन्त्रणका लागि रु. ५,००० भन्दा माथिका सबै भुक्तानी अनिवार्य रूपमा डिजिटल माध्यमबाट मात्र गर्ने राष्ट्रिय नीति लागू गरिनेछ र वृद्ध, असक्षम, अपाङ्गता भएका तथा डिजिटल प्रविधि प्रयोग गर्न नजान्ने नागरिकका लागि प्रत्येक सेवा केन्द्रमा 'डिजिटल सहायता कक्ष' स्थापना गरी आवश्यक सहजीकरण प्रदान गरिनेछ ।
- सरकारी राजस्व, विकास बजेट र भुक्तानी प्रणालीलाई ब्लकचेन प्रविधिमा आधारित बनाइने र खर्चको सम्पूर्ण विवरण परिवर्तन गर्न नसकिने गरि डिजिटल रेकर्डमा राखिने।
- प्रत्येक मन्त्रालय, प्रदेश र स्थानीय तहको खर्च नागरिकले मोबाइलबाट हेर्न सक्ने ओपन गभर्नेन्स पोर्टल सञ्चालन गरिने र प्रत्येक भुक्तानी, ठेक्का, योजना र निर्णय सार्वजनिक ड्यासबोर्डमा देखाइने, नागरिकले अनियमितता भेटेमा तुरुन्त उजुरी दिन सक्ने व्यवस्था गरिने।
- भ्रष्टाचारको विश्वसनीय प्रमाण उपलब्ध गराई राज्यलाई आर्थिक क्षति हुनबाट जोगाउने व्यक्तिलाई बचत रकमको निश्चित प्रतिशत पुरस्कार प्रदान गरिनेछ। सूचनादाता र पत्रकारको पहिचान गोप्य राखी पूर्ण कानुनी सुरक्षा सुनिश्चित गरिनेछ।

- प्रत्येक सरकारी निकायको वार्षिक भ्रष्टाचार जोखिम, पारदर्शिता र सुशासन मूल्याङ्कन गरी मूल्याङ्कन प्रकाशित गरिने ।
- भ्रष्ट्राचार अनुसन्धान जन आयोगले शंकास्पद ब्यक्ती वा उजुरीका आधरमा जुनसुकै ब्यक्ती संस्थाको गुप्त अनुसन्धान गर्ने ब्यवस्था लागु गरिने ।
- भ्रष्टाचारी वा ठगीमा संलग्न व्यक्ति मृत्यु भएको वा फरार/बेपत्ता भएको अवस्थामा समेत मुद्दाको सुनुवाइ जारी राखी राज्यलाई पुग्न गएको क्षति निजको कानुनबमोजिम उत्तराधिकारमा प्राप्त सम्पत्ति (जायजेथा) बाट असुलउपर गर्ने व्यवस्था गरिनेछ।
- कालोधन, क्रिप्टो तथा अन्य डिजिटल सम्पत्तिमार्फत हुने अवैध आर्थिक कारोबारको निगरानी, ट्र्याकिङ र अनुसन्धानका लागि आधुनिक Blockchain Analytics प्रविधिसहित विशेष साइबर फरेन्सिक इकाई स्थापना गरिनेछ।
- भ्रष्टाचारमा दोषी ठहरिएका व्यक्तिलाई आजीवन कुनै पनि संवैधानिक पदमा नियुक्त हुन नपाउने, सरकारी ठेक्का तथा सुविधा प्राप्त गर्न नपाउने व्यवस्था गरिने ।
- भ्रष्टाचार मुद्दाको छिटो छिनोफानोका लागि विशेष भ्रष्टाचार अदालत गठन गरीने र डिजिटल सुनुवाइ र विशेष न्यायिक प्रक्रिया लागू गरिने।
- आर्थिक कारोबारको प्रभावकारी निगरानीका लागि बैंक खाता केन्द्रीकरण प्रणाली लागू गरी शून्य भ्रष्टाचार नीति लागू गरी भ्रष्टाचार, कालोधन, हुण्डी कारोबार तथा अवैध सम्पत्ति आर्जन नियन्त्रण गरिनेछ ।
- सार्वजनिक खरिद प्रणालिमा सुधार गरिने।

**राष्ट्रियता/शिमा सुरक्षा र सासकिय प्रणालि**

- सुशासन, पारदर्शिता, उत्तरदायित्व र जनसहभागितामा आधारित शासन प्रणाली स्थापित गरिनेछ।
- जनमतका आधारमा राष्ट्रमाथि परेको अनावश्यक आर्थिक भार न्यूनीकरण गर्न प्रदेश संरचनाको परिमार्जन, पुनर्संरचना वा खारेज गरिनेछ।
- शासकीय प्रणालीमा सुधार गरी कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, सञ्चार क्षेत्र र जनताबीच सन्तुलित शक्ति संरचना कायम गरिनेछ। जनतालाई केवल मतदानमा सीमित गर्ने प्रवृत्तिको अन्त्य गर्दै शासन प्रक्रियामा प्रत्यक्ष जनसहभागिता सुनिश्चित गरिनेछ।
- जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति रहने शासन व्यवस्था अवलम्बन गरिनेछे ।
- सांसदहरूलाई मन्त्री बन्न नपाउने व्यवस्था गरी उनीहरूको जिम्मेवारी देश र जनताको पक्षमा ऐन-कानुन निर्माण तथा संसदीय निगरानीको कार्यमा मात्र सीमित गरिनेछे।
- मन्त्रिपरिषद् गठन गर्दा राष्ट्रपतिले योग्यता, क्षमता र विज्ञताका आधारमा संसदभित्र वा बाहिरबाट मन्त्री चयन गर्न सक्ने व्यवस्था गरिनेछ।

- महाकाली सन्धि, सुगौली सन्धि, एमसीसी (MCC), एसपीपी (SPP) लगायत अन्य असमान तथा राष्ट्रहितविपरीत सम्झौताहरू खारेज गरिनेछन् ।
- मन्त्रीहरूको कार्यसम्पादन, उत्तरदायित्व तथा जनअपेक्षाका आधारमा आवश्यक परे राष्ट्रपतिद्वारा वा जनमतको आधारमा मन्त्रीहरूको नियुक्ति, पदमुक्ति तथा फेरबदल गर्न सकिने व्यवस्था गरिनेछ।
- पूर्व राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसद तथा अन्य सार्वजनिक पदाधिकारीहरूलाई कार्यकाल समाप्तिपछि प्रदान गरिने अनावश्यक सेवा-सुविधाहरू खारेज गरिने।
- राष्ट्रिय सभाको स्थानमा विज्ञ सभा गठन गरिनेछ, जसका प्रतिनिधिहरू जनताद्वारा प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरिनेछ।
- न्यायपालिका, प्रहरी, सेना, गुप्तचर निकाय तथा भ्रष्टाचार अनुसन्धान जन आयोगको स्वायत्तता सुनिश्चित गर्दै तिनलाई निष्पक्ष, उत्तरदायी र राजनीतिक हस्तक्षेपमुक्त बनाइनेछ।
- प्रधान न्यायाधीश तथा न्यायाधीशहरू, साथै प्रहरी प्रशासन, शिक्षा तथा आपतकालीन सेवासँग सम्बन्धित र प्रत्यक्ष रूपमा जनतासँग जोडिएका प्रमुख पदहरूमा योग्यता, कार्यक्षमता, प्रभावकारिता तथा जनविश्वासका आधारमा नियुक्ति हुने व्यवस्था गरिनेछ।
- जनताले आफ्ना निर्वाचित प्रतिनिधिलाई आवश्यक परे फिर्ता बोलाउन (रिकल गर्न) तथा जनमतका आधारमा पुनः स्थापित गर्न सक्ने व्यवस्था गरिने।
- बन्द भएका उद्योग-कलकारखानाहरू पुनः सञ्चालनमा ल्याई नयाँ उद्योगहरूको स्थापना तथा विस्तार गरिनेछ, जसबाट देशलाई उत्पादनमुखी, आत्मनिर्भर र रोजगारीमुखी अर्थतन्त्रतर्फ उन्मुख गरिनेछ ।
- स्वदेशी उत्पादन, उद्योग तथा उद्यमको संरक्षण र प्रवर्द्धन गर्दै आयातमा निर्भरता क्रमशः न्यूनीकरण गरिनेछ। छिमेकी राष्ट्रहरूसँग भएका व्यापारिक सम्झौताहरूको राष्ट्रिय हितअनुकूल पुनरावलोकन गरी न्यायसंगत, पारस्परिक लाभमा आधारित तथा निर्यातमुखी द्विपक्षीय व्यापार प्रणालीलाई सुदृढ बनाइनेछ ।
- राष्ट्रिय सुरक्षा, सीमा व्यवस्थापन तथा अभिलेखीकरणलाई सुदृढ बनाउन अन्तर्राष्ट्रिय प्रचलनअनुसार भारत लगायत अन्य देशका नागरिकहरूको नेपाल प्रवेशमा राहदानी (पासपोर्ट) तथा आवश्यकताअनुसार भिसा अनिवार्य गरिने व्यवस्था गरिनेछ ।
- सीमा अतिक्रमण, तस्करी तथा अवैध गतिविधिविरुद्ध शून्य सहनशीलता नीति लागू गरी आधुनिक ड्रोन, स्याटेलाइट र (GIS) प्रविधिमार्फत सीमा सुरक्षा सुदृढ गरिनेछ तथा आवश्यकताअनुसार काँडेतार वा सुरक्षा पर्खाल निर्माण गरिनेछे ।
- सीमा अतिक्रमण अन्त्य गरिनेछ। गुमेको भूभाग फिर्ता ल्याउन सम्बन्धित देशसँग कूटनीतिक पहल र आवश्यक वार्ता गरिनेछ तथा वार्ताबाट समाधान हुन नसके अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालको पक्ष सशक्त रूपमा उठाइनेछ।

- सशस्त्र प्रहरी बल तथा नेपाली सेनालाई पुनर्संरचना गरी सशक्त सीमा सुरक्षा बलका रूपमा विकास गरिनेछ र देशको सीमा सुरक्षाको जिम्मेवारी प्रदान गरिनेछ।
- नेपाली सेनालाई वायु, हिम तथा थल युद्धसम्बन्धी विशेष तालिम प्रदान गरि आधुनिक र शक्तिसम्पन्न बनाइनेछ साथै नेपाली सेनालाई आवश्यक पर्ने हातहतियार तथा सैन्य सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरिनेछ।
- हाम्रा पुर्खाहरूले संरक्षण गरेको ऐतिहासिक भूभागको तथ्यगत अध्ययन गरी पश्चिममा किल्ला काँगडा र पूर्वमा टिस्टा नदीसम्मको ऐतिहासिक नक्सा सार्वजनिक गरिने तथा राष्ट्रिय इतिहासको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- सिमा सुरक्षामा आधुनिकरण गरिने ।

## द्वन्द कालिन समस्या र समाधान

- द्वन्द्वकालीन घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गरिनेछ। अंगभंग भएका व्यक्तिहरूलाई उचित क्षतिपूर्ति वा भत्ता प्रदान गरिनेछ। बेपत्ता व्यक्तिहरूको खोजी तथा सत्य तथ्य उजागर गरिनेछ र द्वन्द्वकालीन समस्याहरूको न्यायोचित समाधान गरिनेछ।

## शिक्षा प्रणालीमा सुधार/गुणस्तरीय शिक्षा

- विद्यालयहरूको भौतिक संरचना निर्माण तथा व्यवस्थापनमा स्पष्ट जिम्मेवारी निर्धारण गर्दै गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको शैक्षिक पूर्वाधार विकास गरिने।
- शिक्षालाई राष्ट्र निर्माण, रोजगार, उद्यमशीलता र वैज्ञानिक सोचको आधार बनाइनेछ।
- प्रत्येक नागरिकलाई निःशुल्क, गुणस्तरीय, सीपमूलक र प्रविधिमैत्री शिक्षा सुनिश्चित गरिने।
- कक्षा ५ देखि व्यवहारिक, उद्यमशील र प्रयोगात्मक शिक्षा लागू गरिने।
- उच्च माध्यमिक तहसम्मको गुणस्तरीय शिक्षा अनिवार्य तथा निःशुल्क गरिने।
- विद्यालय शिक्षालाई कृषि, प्रविधि, रोजगारी, कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल सीप, वित्तीय साक्षरता र उद्यमशीलतामुखी बनाइनेछ।
- सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक, अनुसन्धानमूलक र नवप्रवर्तनमुखी शिक्षा प्रणाली विकास गरिने।
- शिक्षामा राजनीतिक हस्तक्षेप अन्त्य गरी योग्यता, क्षमता र प्रतिस्पर्धामा आधारित शैक्षिक प्रशासन लागू गरिनेछ।

- प्रत्येक विद्यालयमा डिजिटल कक्षा, इन्टरनेट, पुस्तकालय र आधुनिक प्रयोगशाला को व्यवस्था गरिनेछ।
- प्रत्येक विद्यालयमा डिजिटल कक्षा, इन्टरनेट, पुस्तकालय र आधुनिक प्रयोगशाला को व्यवस्था गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी युवालाई स्वदेशमै रोजगारी र उद्यमका लागि सक्षम बनाइने।
- विपन्न, दुर्गम, अपाङ्गता भएका तथा पिछडिएका वर्गका विद्यार्थीका लागि समान शैक्षिक अवसर र विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- विश्वविद्यालयलाई स्वायत्त, अनुसन्धानमुखी र अन्तर्राष्ट्रिय प्रतिस्पर्धी शैक्षिक केन्द्र का रूपमा विकास गरिनेछ।
- एक विद्यार्थी, एक सीप र एक विद्यालय, एक नवप्रवर्तन परियोजना अभियान सञ्चालन गरिने।
- शिक्षकलाई योग्यता, क्षमता र कार्यसम्पादनका आधारमा तलब, भत्ता र प्रोत्साहनको व्यवस्था गरिनेछ।
- कुनै विषयमा ३० प्रतिशतभन्दा बढी विद्यार्थी अनुत्तीर्ण भएमा सम्बन्धित शिक्षकलाई पुनर्तालिम र कार्यसम्पादन मूल्याङ्कनमा समावेश गरिने।
- शैक्षिक संस्था र शिक्षक दरबन्दी आवश्यकता र विद्यार्थी सङ्ख्याका आधारमा विस्तार गरिनेछ।
- शिक्षा प्रणालीलाई आधुनिक, ज्ञानमूलक, नैतिक, उत्पादनमुखी र रोजगारमुखी बनाइने।
- माध्यमिक तह उत्तीर्ण गरेपछि 'पढ्दै कमाउँदै' (Earn While Learn) कार्यक्रममार्फत विद्यार्थीलाई दैनिक ४ घण्टासम्म काम गर्ने अवसर उपलब्ध गराइनेछे ।

**स्वास्थ्य प्रणालीमा सुधार/गुणस्तरीय स्वास्थ्य**

- स्वास्थ्यलाई प्रत्येक नागरिकको मौलिक अधिकारका रूपमा सुनिश्चित गर्दै निःशुल्क, गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।
- मुटु, कलेजो, मृगौला, क्यान्सरलगायत जटिल तथा प्राणघातक रोगहरूको निःशुल्क उपचारको व्यवस्था गरिने।
- सबै नेपाली नागरिकका लागि अनिवार्य र सर्वव्यापी स्वास्थ्य बीमा प्रणाली लागू गरी देशभरका सरकारी तथा निजी स्वास्थ्य संस्थामा समान रूपमा लागू गरिनेछ।
- प्रत्येक वडा, गाउँपालिका र नगरपालिकामा गुणस्तरीय स्वास्थ्य केन्द्र, दक्ष स्वास्थ्यकर्मी, एम्बुलेन्स सेवा र आवश्यक औषधिको उपलब्धता सुनिश्चित गरिने।
- अस्पताल, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मीको दरबन्दी तथा विशेषज्ञ सेवाको संख्या र पहुँच आवश्यकता अनुसार विस्तार गरिनेछ।

- स्वास्थ्यकर्मीलाई भूगोल, क्षेत्र र सेवास्तरअनुसार तलब, भत्ता तथा विशेष प्रोत्साहनको व्यवस्था गरी ग्रामीण क्षेत्रमा सेवा गर्न अनुकूल वातावरण निर्माण गरिने।
- प्रत्येक नागरिकको डिजिटल स्वास्थ्य अभिलेख (Digital Health Record), टेलिमेडिसिन तथा प्रविधिमैत्री स्वास्थ्य सेवा प्रणाली लागू गरिनेछ।
- गुणस्तरहीन औषधि उत्पादन वा कारोबार गर्ने व्यक्ति, कम्पनी वा संस्थामाथि शून्य सहनशीलता नीति अपनाई कडा कानुनी कारबाही गरिने ।
- आधुनिक स्वास्थ्य अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना गरी स्वास्थ्य क्षेत्रलाई अनुसन्धानमुखी, आधुनिक र आत्मनिर्भर बनाइनेछ।
- निवारणमुखी स्वास्थ्य प्रणाली अपनाई नियमित स्वास्थ्य परीक्षण, पोषण, मानसिक स्वास्थ्य र जनस्वास्थ्य सचेतनालाई विशेष प्राथमिकता दिइने।
- स्वास्थ्य क्षत्रमा आधुनिकरण गरिने ।

## कृषि क्रान्ति, आधुनिकीकरण तथा कृषि क्षेत्रमा सुधार

- कृषिलाई राष्ट्रको आर्थिक समृद्धि, रोजगारी र आत्मनिर्भरताको मुख्य आधार बनाइनेछ।
- युरिया, डि.ए.पी. लगायतका आवश्यक रासायनिक मल तथा गुणस्तरीय बीउविजनको स्वदेशमै उत्पादन गरिने।
- प्रत्येक स्थानीय तहमा कृषि तालिम, अनुसन्धान तथा प्राविधिक सेवा केन्द्र स्थापना गरी दक्ष कृषि प्राविधिकबाट निःशुल्क परामर्श र सेवा उपलब्ध गराइनेछ।
- बाँझो तथा उपयोगविहीन जमिनलाई भूमि बैंकमार्फत परिचालन गरी व्यक्ति, निजी क्षेत्र, सहकारी वा स्थानीय तहले भाडामा लिएर व्यावसायिक खेती गर्न सक्ने व्यवस्था गरिने।
- किसानका लागि कृषि बीमा, अनुदान, न्यून ब्याजदरमा सहज कृषि ऋण तथा कृषि विपद् कोषको व्यवस्था गरिनेछ।
- कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य ( Minimum Support Price), सरकारी खरिद र सुनिश्चित बजार प्रणाली लागू गरी बिचौलिया तथा कृषि माफियाको अन्त्य गरिने।
- प्रत्येक स्थानीय तहमा शीतभण्डार (Cold Storage), कृषि संकलन केन्द्र तथा कृषि बजार स्थापना गरी उत्पादनको भण्डारण, गुणस्तर परीक्षण र बजारीकरणको व्यवस्था गरिनेछ।
- आधुनिक कृषि प्रविधि, यान्त्रीकरण, सिँचाइ, कृषि विद्युतीकरण र डिजिटल कृषि प्रणालीको विस्तार गरिने।
- जैविक तथा प्राङ्गारिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्दै गुणस्तरीय प्राङ्गारिक मल उत्पादन र प्रयोगमा वृद्धि गरिनेछ।

- कृषक परिचयपत्र तथा कृषक समूह प्रणाली लागू गरी किसानलाई राज्यका सेवा र सुविधामा प्रत्यक्ष पहुँच प्रदान गरिने।
- आधुनिक राष्ट्रिय कृषि अनुसन्धान केन्द्र तथा कृषि विश्वविद्यालयको विकास गरी अनुसन्धान, नवप्रवर्तन र जलवायु अनुकूल खेतीलाई प्रोत्साहन गरिनेछ।
- उत्पादन र भौगोलिक विशेषताका आधारमा कृषि क्षेत्रको वर्गीकरण गरी मौसमअनुकूल र निर्यातमुखी कृषि उत्पादन प्रणाली विकास गरिने।
- पशुपालन, मत्स्यपालन, फलफूल, जडीबुटी तथा कृषि प्रशोधन उद्योगलाई विशेष प्राथमिकता दिइनेछ।
- नेपालका जडीबुटी, औषधीय तथा सुगन्धित वनस्पतिको वैज्ञानिक अनुसन्धान, व्यावसायिक खेती, प्रशोधन, ब्रान्डिङ र निर्यातलाई राष्ट्रिय प्राथमिकता दिई 'जडीबुटी क्रान्ति कार्यक्रम' सञ्चालन गरिनेछ।
- औद्योगिक, औषधीय तथा निर्यातजन्य प्रयोजनका लागि गाँजा खेतीको वैधानिकीकरण र कडा नियमन गरिने।
- खाद्यान्न, फलफूल, तरकारी, दूध र मासुमा आत्मनिर्भरता हासिल गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरिनेछ।

## उत्पादन औध्योगिकरण तथा स्वरोजगार कार्यक्रम

- उत्पादनमुखी, औद्योगिक र आत्मनिर्भर अर्थतन्त्र निर्माणलाई राष्ट्रिय प्राथमिकता दिइनेछ।
- उद्यमशील साना तथा घरेलु व्यवसायको संरक्षण र प्रोत्साहनका लागि वार्षिक १० लाख रुपैयाँसम्मको आयमा कर नलाग्ने व्यवस्था गरिनेछ र अधिकतम आयकर २५ प्रतिशतमा सीमित गरिनेछ।
- क्रय-विक्रयमा पारदर्शी, सुरक्षित र व्यवसायमैत्री नीति, आवश्यकताअनुसार 'बाइअर पे फर्स्ट' जस्ता आधुनिक व्यापारिक अभ्यासहरू लागू गरिने।
- बैंकिङ ऋणमा अधिकतम ब्याजदर ६-७ प्रतिशतमा सीमित गरिनेछ।
- स्वदेशी उत्पादनमा कर छुटको व्यवस्था गरिने ।
- उद्योग तथा व्यवसाय दर्ता, अनुमति र नवीकरणका लागि कुनै शुल्क नलाग्ने व्यवस्था गरिनेछ र झन्झटिलो प्रक्रिया अन्त्य गर्दै अनलाइनमार्फत दर्ता तथा अनुमति लिन सकिने प्रणाली विकास गरिनेछ।
- उद्यमशील साना तथा घरेलु उद्योगको संरक्षण, सुरक्षा र सम्मानका लागि सुरक्षा बीमाको व्यवस्था गरिने।
- ग्रामीण उद्योग नीतिको विकास गर्दै प्रदूषणरहित उद्योगहरू ग्रामीण क्षेत्रमा स्थापना र सञ्चालन गरिनेछ।

- साना, ठूला, मझौला र घरेलु उद्योगलाई औद्योगिक सञ्जाल नीतिसँग जोडेर उत्पादन, प्रशोधन, निर्यात र स्वदेशमै रोजगारी सिर्जना गर्ने व्यवस्था गरिनेछ।
- साना, मझौला, ठूला तथा घरेलु उद्योगलाई औद्योगिक सञ्जालसँग आबद्ध गरी उत्पादन, प्रशोधन, निर्यात प्रवर्द्धन तथा स्वदेशमै रोजगारी सिर्जनालाई प्रोत्साहन गरिने।
- 'एक स्थानीय तह, एक प्रमुख उत्पादन र एक उद्योग' कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- साना व्यवसायलाई उत्पादनमुखी बनाइनेछ र स्टार्टअप तथा नवप्रवर्तनलाई विशेष प्रोत्साहन दिइनेछ।
- स्वदेशी उत्पादनको निर्यातमा पूर्ण कर छुट दिइनेछ र अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सरकारले आवश्यक सहजीकरण गर्ने।
- स्वदेशमै पर्याप्त मात्रामा उत्पादन हुने वस्तुको आयातलाई निरुत्साहित तथा नियन्त्रण गरिनेछ। अत्यावश्यक अवस्था वा आन्तरिक माग पूर्ति गर्न नसकिएको अवस्थामा मात्र तोकिएको मापदण्डअनुसार अतिरिक्त भन्सार तथा करसहित आयात गर्न सकिने व्यवस्था गरिने।
- प्रत्येक पालिका स्तरमा औद्योगिक क्षेत्र स्थापना गरी त्यहाँ उद्योग सञ्चालनका लागि आवश्यक विद्युत्, पानी, सडक, यातायात, सञ्चार, इन्टरनेट तथा अन्य आधारभूत पूर्वाधारको सुनिश्चित व्यवस्था गरिने।
- दक्ष जनशक्ति निर्माण तथा स्वरोजगार प्रवर्द्धनका लागि सीपमूलक तालिम, व्यावसायिक शिक्षा र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- देशमा उपलब्ध तामा, फलाम, जस्ता तथा रेअर अर्थ खनिजहरूको दिगो उत्खनन, प्रशोधन र मूल्य अभिवृद्धिमार्फत खनिजमा आधारित उद्योग स्थापना गरी रोजगारी तथा आर्थिक समृद्धि प्रवर्द्धन गरिनेछ।

## **अपराध अनुसन्धान सुरक्षा सजाय/आधुनिकरण**

- नागरिकको जीउ, धन र स्वतन्त्रताको सुरक्षा राज्यको पहिलो दायित्वका रूपमा सुनिश्चित गरिनेछ।
- प्रहरी तथा सुरक्षा निकायलाई राजनीतिक हस्तक्षेपमुक्त, व्यावसायिक, प्रविधिमैत्री र जनउत्तरदायी बनाइने।
- अपराध अनुसन्धानमा कृत्रिम बुद्धिमत्ता (AI), डिजिटल फरेन्सिक, DNA परीक्षण, साइबर अनुसन्धान, CCTV नेटवर्क तथा आधुनिक प्रविधिको प्रयोग गरिनेछ।
- साइबर अपराध, वित्तीय अपराध, मानव तस्करी, लागुऔषध कारोबार, संगठित अपराध तथा भ्रष्टाचारविरुद्ध विशेष अनुसन्धान इकाई गठन गरिने।

- अपराध अनुसन्धान र मुद्दा व्यवस्थापनलाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ।
- गम्भीर अपराध, बलात्कार, बाल यौन शोषण, मानव बेचबिखन, संगठित अपराध र राष्ट्रविरुद्धका अपराधमा कडा सजायको व्यवस्था गरिनेछ।
- अपराध पीडित, साक्षी तथा सूचनादाताको सुरक्षा र गोपनीयताको विशेष व्यवस्था गरिने।
- देशभर स्मार्ट सुरक्षा प्रणाली, ऋत्ऋत्त्छ निगरानी, आपतकालीन प्रतिक्रिया केन्द्र तथा एकीकृत सुरक्षा नेटवर्क स्थापना गरिनेछ।
- कारागार प्रणालीलाई सुधारमुखी, सीपमूलक तथा पुनर्स्थापनामुखी बनाइनेछ ताकि कैदी समाजमा पुनः स्थापित हुन सकून्।
- प्रहरी, सुरक्षा निकाय र न्याय प्रणालीबीच समन्वय बढाई छिटो, निष्पक्ष र प्रभावकारी न्याय सुनिश्चित गरिनेछ।
- अपराधको प्रकृति अनुसार सजाय, क्षतिपूर्ति तथा सम्पत्ति जफत गर्ने कानुनी व्यवस्था थप सुदृढ गरिने।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा कमजोर वर्गको सुरक्षाका लागि विशेष सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- कुनै पनि उजुरी दर्ता, बयान लिने तथा दिने प्रक्रियामा पारदर्शिता र निष्पक्षता सुनिश्चित गर्न भिडियो रेकर्डिङ अनिवार्य गरिनेछ तथा सम्बन्धित व्यक्तिको गोपनीयताको पूर्ण संरक्षण गरिनेछ।
- जनताको सुरक्षा तथा सेवा प्रवाहमा देखाएको कार्यसम्पादन, सक्रियता र दक्षताका आधारमा सुरक्षाकर्मीहरूको मूल्याङ्कन, सरुवा तथा बढुवाको व्यवस्था गरिने।
- प्रहरी तथा अन्य सुरक्षाकर्मी खटिएको कार्यक्षेत्रमा आवश्यकताअनुसार भिडियो रेकर्डिङको व्यवस्था गरिनेछ र प्राप्त सूचनाको गोपनीयता सुनिश्चित गरिनेछ।
- देस र जनताको सुरक्षमा खटियका जवानहरुका परिवार लाइ दुर्घटना बिमा, निसुल्क शिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गरिने ।
- सफल अनुसन्धान तथा अपराध नियन्त्रणमा उत्कृष्ट योगदान पुर्‍याउने प्रहरी तथा सुरक्षाकर्मीलाई प्रोत्साहन, सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ।
- अनुसन्धान प्रणालीलाई वैज्ञानिक, प्रविधिमैत्री र आधुनिक बनाउँदै आवश्यक नीतिगत तथा संस्थागत सुधार गरिने ।

## बेरोजगारी न्यूनीकरण तथा रोजगार सिर्जना

- रोजगारलाई प्रत्येक नागरिकको मौलिक आर्थिक अधिकारका रूपमा स्थापित गरिनेछ।
- स्वदेशमै रोजगारी सिर्जना गरी युवाको बाध्यात्मक वैदेशिक पलायन न्यूनीकरण गरिने।

- कृषि, उद्योग, पर्यटन, सूचना प्रविधि, ऊर्जा तथा निर्माण क्षेत्रमा व्यापक रोजगारीका अवसर सिर्जना गरिनेछ।
- 'एक परिवार, कम्तीमा एक रोजगारी' कार्यक्रम सञ्चालन गरिने।
- युवा स्वरोजगार तथा उद्यमशीलता कोष स्थापना गरी न्यून ब्याजदरमा ऋण, सीप तालिम र प्राविधिक सहयोग उपलब्ध गराइने।
- प्रत्येक स्थानीय तहमा सीप विकास तथा रोजगार सूचना केन्द्र स्थापना गरिनेछ।
- स्वदेशी उद्योग, उत्पादन र सेवा क्षेत्र विस्तार गरी लाखौं रोजगारी सिर्जना गरिनेछ।
- विदेशबाट फर्किएका श्रमिकको सीप, अनुभव र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गरिने।
- सरकारी तथा निजी क्षेत्रमा योग्यता, क्षमता र प्रतिस्पर्धाका आधारमा पारदर्शी रोजगारी प्रणाली लागू गरिनेछ।
- डिजिटल, प्राविधिक तथा आधुनिक सीप विकास कार्यक्रम सञ्चालन गरी युवालाई भविष्यको रोजगारीका लागि तयार गरिने।
- स्थिर, पारदर्शी र लगानीमैत्री आर्थिक वातावरण निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तालाई आकर्षित गरिनेछ। उद्योग, कृषि, पर्यटन, प्रविधि तथा सेवा क्षेत्रको विस्तारमार्फत व्यापक रोजगारी सिर्जना गर्दै देशका ७० प्रतिशतभन्दा बढी युवा-युवतीलाई स्वदेशमै सम्मानजनक रोजगारी उपलब्ध गराइनेछ।
- वैदेशिक रोजगारीलाइ मर्यादित सुरक्षित र उपलब्धिमुलक बनाइने ।
- व्यवहारिक, उद्यमसिल तथा प्रयोगात्मक शिक्षा प्रणाली अबलम्वन गरी राष्ट्रिय अन्तराष्ट्रिय श्रम बजारको माग अनुरुपको दक्ष जनशक्ति तयार गर्ने ।
- स्वरोजगार कार्यक्रमलाइ प्रभावकारी बनाउन शिपमुलक तालिम प्रदान गरीने र उपलब्ध श्रोत र साधन हरुको अधीकतम परीचालन गरीने ।
- रोजगारीका अबसर सिर्जना गर्न सार्वजनिक र निजि क्षत्रबीच समन्वय गरीने ।
- उद्यमसीलता तथा स्वरोजगारीता प्रवर्द्धनका कार्यक्रम हरुलाइ स्थानिय स्तर सम्म संचालन गरीने ।
- स्वरोजगार उद्यमी बन्न चाहने हरुका निम्ती निसुल्क प्रशिक्षण र सुन्य व्याजदरमा शैक्षीक प्रमाणपत्र, प्रशिक्षण प्रमाणपत्रका आधारमा छिटो छरितो व्यवसाइक कर्जाको व्यवस्था गरीने ।

**अदालतको कामकारबाहीमा तीव्रता तथा भरपर्दो न्याय**

- प्रत्येक नागरिकलाई छिटो, निष्पक्ष, सुलभ र भरपर्दो न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गरिनेछ।
- शारीरिक शोषण, महिला तथा बाल हिंसा, घरेलु हिंसा, दाइजो प्रथा, अल्पसंख्यक अधिकार, भ्रष्टाचार, जनप्रतिनिधि सम्बन्धी विवाद तथा सामाजिक सद्भावमा खलल पुऱ्याउने जस्ता संवेदनशील मुद्दामा तुरुन्त सुनुवाइ गरी शीघ्र न्याय सुनिश्चित गरिने।
- न्यायमा ढीलाइ गर्नु न्याय नपाउनु सरह हो भन्ने अवधारणा लाइ आत्मसाथ गर्दै सम्पत्ती संग जोडीएका मुद्दाहरु ३ महिना भित्र सुनवाइको व्यवस्था गरीने ।
- अदालतको कामकारबाहीमा तीव्रता ल्याउन अदालतको दायरा विस्तार गरिनेछ, कार्यविभाजन स्पष्ट गरिनेछ र आवश्यकताअनुसार विशेष तथा फास्ट ट्र्याक इजलासको व्यवस्था गरिनेछ।
- बर्षौ पुराना छिनोफानो नभयका मुद्दा हरुको तुरुन्त छिनोफानो गरी अन्तीम रुप दीइने । वर्षौंदेखि छिनोफानो नभएका पुराना मुद्दाहरूको प्राथमिकताका आधारमा शीघ्र टुंगो लगाइनेछ र बाँकी मुद्दाहरूको समयबद्ध रूपमा अन्तिम किनारा लगाइने।
- विकास निर्माण कार्यमा बाधा अड्चन पैदा गर्ने मुद्दाहरूको २५ दिनभित्र सुनुवाइ र निर्णय गर्ने व्यवस्था गरिनेछ।
- अदालतको मुद्दा दर्ता, सुनुवाइ, पेशी व्यवस्थापन, फैसला र अभिलेखीकरण प्रक्रियालाई डिजिटल प्रणालीमा रूपान्तरण गरी अदालतीय प्रक्रियालाई सहजीकरण र आधुनिकीकरण गरिने।
- न्यायाधीश, सरकारी वकिल, अदालत कर्मचारी तथा प्राविधिक जनशक्तिको दरबन्दी आवश्यकता अनुसार वृद्धि गरिनेछ।
- भ्रष्टाचार, संगठित अपराध, आर्थिक अपराध, लैङ्गिक हिंसा तथा सार्वजनिक महत्वका मुद्दाका लागि विशेष अदालत वा विशेष इजलासको व्यवस्था गरिने।
- गरिब, असहाय, अपाङ्गता भएका तथा विपन्न नागरिकका लागि निःशुल्क कानुनी सहायता, परामर्श र प्रतिनिधित्वको व्यवस्था गरिनेछ।
- न्यायालयलाई राजनीतिक, आर्थिक तथा अन्य कुनै पनि प्रकारको प्रभावबाट मुक्त राखी न्यायिक स्वतन्त्रता, उत्तरदायित्व र पारदर्शिता सुदृढ गरिने।
- न्यायिक कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गरी मुद्दा फछ्र्यौटको गति, गुणस्तर र विश्वसनीयता अभिवृद्धि गरिनेछ।
- मेलमिलाप, मध्यस्थता र वैकल्पिक विवाद समाधान प्रणालीलाई प्रभावकारी बनाइनेछ।
- प्रविधिमैत्री, जनमैत्री र विश्वासयोग्य न्याय प्रणाली निर्माण गरिनेछ ।

## धार्मिक स्वतन्त्रता, धर्म, संस्कृति तथा परम्पराको संरक्षण

- संविधानप्रदत्त धार्मिक स्वतन्त्रताको पूर्ण सम्मान र संरक्षण गरिनेछ।
- नेपालका सबै धर्म, संस्कृति, भाषा, कला, परम्परा र सभ्यताको समान सम्मान तथा संरक्षण गरिनेछ।
- मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च तथा अन्य धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र व्यवस्थापन गरिनेछ।
- हरेक धर्मावलम्बीको धार्मिक स्वतन्त्रता, सम्मान र संस्कृतिको संरक्षण गर्दै नेपालको मौलिक आध्यात्मिक तथा वैदिक सनातन परम्पराको संवर्द्धन गरी नेपाललाई आध्यात्मिक वैदिक सनातन राष्ट्रका रूपमा विकास गरिनेछ।
- धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई सुदृढ गरिनेछ।
- ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण र पर्यटनसँग जोडेर विकास गरिनेछ।
- धार्मिक आस्थाको नाममा हुने जबर्जस्ती धर्म परिवर्तन, घृणा फैलाउने गतिविधि तथा सामाजिक सद्भाव बिथोल्ने कार्यविरुद्ध कडा कानुनी व्यवस्था गरिनेछ।
- नेपालका मौलिक चाडपर्व, संस्कार, भाषा, भेषभूषा र सांस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- युवा पुस्तालाई आफ्नो धर्म, संस्कृति र राष्ट्रिय पहिचानसँग जोड्ने शैक्षिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गरिनेछ।
- धार्मिक तथा सांस्कृतिक संस्थाहरूको व्यवस्थापन पारदर्शी, उत्तरदायी र जनविश्वासमा आधारित बनाइनेछ।

## सामाजिक विभेद अन्त्य तथा समान अधिकार

- जात, धर्म, भाषा, लिङ्ग, क्षेत्र, समुदाय, आर्थिक अवस्था वा कुनै पनि आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गरिनेछ।
- महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पिछडिएका समुदायको अधिकार र सम्मानको संरक्षण गरिनेछ।
- छुवाछुत, लैङ्गिक हिंसा, मानव बेचबिखन, बालश्रम तथा सबै प्रकारका सामाजिक अन्यायविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।

- शिक्षा, स्वास्थ्य, रोजगारी, न्याय र राज्यका सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गरिने।
- योग्यता, क्षमता र प्रतिस्पर्धाका आधारमा अवसर प्रदान गर्दै सामाजिक न्याय र समावेशी विकासलाई सुदृढ गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति तथा असहाय नागरिकका लागि पहुँचयुक्त पूर्वाधार, सामाजिक सुरक्षा र सम्मानजनक जीवनको व्यवस्था गरिनेछ।
- सामाजिक सद्भाव, राष्ट्रिय एकता र पारस्परिक सम्मानलाई सुदृढ बनाइनेछ।

**सुकुम्बासी तथा लालपुर्जा बिहिन**

- वास्तविक सुकुम्बासी, भूमिहीन तथा लालपुर्जाविहीन नागरिकको वैज्ञानिक पहिचान गरी स्थायी रूपमा समस्या समाधान गरिनेछ।
- योग्य लाभग्राहीलाई कानुनबमोजिम जग्गाको स्वामित्व (लालपुर्जा) प्रदान गरिनेछ।
- अव्यवस्थित बसोबासलाई योजनाबद्ध रूपमा व्यवस्थापन गरी आधारभूत पूर्वाधारसहित सुरक्षित आवासको व्यवस्था गरिनेछ।
- भूमि अभिलेख, नापी तथा लालपुर्जा वितरण प्रणालीलाई पूर्ण रूपमा डिजिटल र पारदर्शी बनाइने।
- जग्गा वितरण प्रक्रियामा हुने बिचौलियापन, अनियमितता र भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।
- सार्वजनिक, वन तथा संवेदनशील क्षेत्रको अतिक्रमण रोक्दै कानुनसम्मत र दीगो भूमि व्यवस्थापन नीति लागू गरिने।
- भूमि प्राप्त गरेका परिवारलाई कृषि, स्वरोजगार, सहुलियत ऋण तथा आधारभूत सेवासँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।

**किसान तथा मजदुर अधिकार**

- किसान र मजदुरको सम्मान, सुरक्षा तथा आर्थिक-सामाजिक अधिकारको पूर्ण ग्यारेन्टी गरिनेछ।
- किसानलाई उत्पादनको उचित मूल्य, सुनिश्चित बजार, कृषि बीमा, सहुलियत ऋण र आवश्यक अनुदानको व्यवस्था गरिने।
- मजदुरका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, स्वास्थ्य बीमा, दुर्घटना बीमा तथा सुरक्षित कार्य वातावरण सुनिश्चित गरिनेछ।
- किसान र मजदुर दुवैका लागि आपतकालीन बीमा कोष स्थापना गरी आकस्मिक दुर्घटना, रोग, विपद् वा आयआर्जन अवरोधको अवस्थामा तत्काल राहत उपलब्ध गराइने।

- कृषि तथा श्रम क्षेत्रमा हुने शोषण, बिचौलियापन र अन्यायविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।
- मौसमी, असंगठित तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकलाई सामाजिक सुरक्षा र सीपअनुसार रोजगारीका अवसर उपलब्ध गराइने।
- प्रत्यक स्थानिय तहमा मजदुर किसान हरुको गुनासो सुन्ने छुट्टै निकाय को व्यवस्था गरीने ।
- किसान र मजदुरका छोराछोरीलाई शिक्षा, सीप विकास तथा स्वरोजगार कार्यक्रममा प्राथमिकता दिइनेछ।
- श्रमको सम्मान, उत्पादनको उचित प्रतिफल र श्रमिक अधिकारको पूर्ण कार्यान्वयन सुनिश्चित गरिनेछ।

## ठेक्का, टेन्डर तथा काममा ढिलासुस्ती नियन्त्रण

- सबै सरकारी ठेक्का तथा टेन्डर प्रक्रिया पूर्ण रूपमा डिजिटल, पारदर्शी र प्रतिस्पर्धामूलक बनाइनेछ।
- ठेक्का वा टेन्डर प्राप्त गर्ने व्यक्ति वा कम्पनीले सो कार्य आफैं सम्पन्न गर्नुपर्ने व्यवस्था लागू गरिनेछ। ठेक्का पुनः हस्तान्तरण (सब-कन्ट्र्याक्टिङ) गरी बिचौलिया प्रवृत्ति बढाउने कार्यको अन्त्य गरिनेछ।
- समयमै काम सम्पन्न नगर्ने निर्माण कम्पनी तथा ठेकेदारलाई कडा जरिवाना, कालोसूची ( Blacklisting) र ठेक्का रद्द गर्ने व्यवस्था गरिनेछ।
- मिलेमतो, कमिसन, कृत्रिम ढिलाइ तथा ठेक्का माफियाविरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।
- समयमै काम सम्पन्न गर्ने ठेकेदार वा कम्पनीहरु लाइ सम्मानको ब्यवस्था गरीने ।
- गुणस्तरहीन तथा मापदण्डविपरीत निर्माण कार्यमा सम्बन्धित ठेकेदार, कम्पनी र जिम्मेवार कर्मचारीलाई कानुनी रूपमा उत्तरदायी बनाइनेछ तथा उनीहरूबाट क्षतिपूर्ति असुल गर्ने व्यवस्था गरिनेछ।
- राष्ट्रिय गौरवका तथा सार्वजनिक विकास आयोजनाको नियमित प्राविधिक अनुगमन र स्वतन्त्र लेखापरीक्षण गरिनेछ ।

## निर्वाचन प्रणालिमा सुधार

- निर्वाचन प्रणालीलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, खर्चबिहीन र प्रविधिमैत्री बनाइनेछ।
- निर्वाचन खर्चको कडाइका साथ अनुगमन गरी कालोधन, अवैध चन्दा, मत खरिद-बिक्री र अन्य अनियमिततामा शून्य सहनशीलता नीति लागू गरिनेछ।

- देशभन्दा बाहिर रहेका नेपाली नागरिकले आफू रहेको देशबाटै मतदाता नामावलीमा नाम दर्ता गर्न र मतदान गर्न पाउने व्यवस्था गरिनेछ।
- मतपत्रमा “कसैलाई पनि होइन” (Right to Reject) को विकल्प समावेश गरिनेछ।
- मतदाता नामावली, मतदान, मतगणना र परिणाम प्रकाशनलाई सुरक्षित डिजिटल प्रविधिबाट थप प्रभावकारी, छिटो र विश्वसनीय बनाइनेछ।
- मतदान प्रक्रियामा आधुनिकीकरण, सरलीकरण र सुधार गरी सबै नागरिकका लागि सहज पहुँच सुनिश्चित गरिनेछ।
- राजनीतिक दल तथा उम्मेदवारको आय-व्यय र निर्वाचन खर्च सार्वजनिक गर्ने व्यवस्था गरिनेछ।
- निर्वाचित जनप्रतिनिधिलाई जनताप्रति उत्तरदायी बनाउन आवश्यक कानुनी सुधार तथा जनउत्तरदायित्वका संयन्त्र विकास गरिनेछ।
- राजनीतिमा स्वच्छ, सक्षम, योग्य र नैतिक नेतृत्वको सहभागिता प्रोत्साहन गरिनेछ।
- निर्वाचन आयोगलाई पूर्ण रूपमा स्वतन्त्र, सक्षम र प्रविधिसम्पन्न बनाइनेछ।

**आविष्कार अनुसन्धान र नवप्रवर्तन**

- आविष्कार, अनुसन्धान, विज्ञान तथा नवप्रवर्तनलाई राष्ट्रिय विकासको प्रमुख आधार बनाइनेछ।
- नेपालको कुल गार्हस्थ उत्पादन (GDP) को कम्तीमा ३ प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन, विज्ञान तथा प्रविधि क्षेत्रमा वार्षिक रूपमा लगानी गरिनेछ।
- राष्ट्रिय अनुसन्धान तथा नवप्रवर्तन कोष स्थापना गरी वैज्ञानिक, अनुसन्धानकर्ता, विद्यार्थी तथा आविष्कारकर्तालाई आर्थिक, प्राविधिक र कानुनी सहयोग प्रदान गरिने।
- उक्त कोषमा नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार, निजी क्षेत्र, विश्वविद्यालय, गैरसरकारी संस्था, अन्तर्राष्ट्रिय विकास साझेदार तथा इच्छुक नेपाली नागरिक र प्रवासी नेपाली (NRN) लगायत सबैले योगदान गर्न सक्ने कानुनी व्यवस्था गरिनेछ।
- अनुसन्धान तथा नवप्रवर्तन कोषमार्फत देशभरका प्रतिभाशाली विद्यार्थी, वैज्ञानिक, अनुसन्धानकर्ता, आविष्कारक तथा नवप्रवर्तकलाई अनुसन्धान, प्रोटोटाइप निर्माण, परीक्षण, पेटेन्ट, प्रविधि विकास तथा व्यवसायीकरणका लागि आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ।
- कृत्रिम बुद्धिमत्ता (AI), रोबोटिक्स, अन्तरिक्ष, रक्षा प्रविधि, जैविक प्रविधि, कृषि, स्वास्थ्य, ऊर्जा तथा सूचना प्रविधिमा अनुसन्धानलाई विशेष प्राथमिकता दिइनेछ।
- विश्वविद्यालय, उद्योग र अनुसन्धान संस्थाबीच सहकार्य गरी अनुसन्धानलाई उत्पादन र उद्योगसँग जोडिनेछ।
- पेटेन्ट, बौद्धिक सम्पत्ति अधिकार (IPR) तथा आविष्कारकर्ताको अधिकारको पूर्ण संरक्षण गरिनेछ।

- सफलतापूर्वक परीक्षण भएका आविष्कार, प्रविधि तथा उत्पादनलाई व्यावसायिक उत्पादनमा रूपान्तरण गर्न चाहने नेपाली नागरिकलाई आवश्यक अनुमति, अनुदान, सहुलियतपूर्ण ऋण, लगानी, पेटेन्ट तथा बौद्धिक सम्पत्ति संरक्षण, ब्रान्डिङ, बजारीकरण, निर्यात प्रवर्द्धन लगायतका सम्पूर्ण सहजीकरण राष्ट्रिय अनुसन्धान, नवप्रवर्तन तथा आविष्कार कोष मार्फत गरिनेछ।
- प्रत्येक प्रदेशमा अनुसन्धान तथा नवप्रवर्तन केन्द्र र प्रविधि पार्क (Technology Park) स्थापना गरिनेछ।
- स्थानीय, प्रदेश र संघीय तहमा नियमित रूपमा अनुसन्धान, विज्ञान, प्रविधि, नवप्रवर्तन तथा आविष्कार मेला आयोजना गरिनेछ।
- उत्कृष्ट अनुसन्धान, प्रविधि र आविष्कारलाई राष्ट्रिय सम्मान, पुरस्कार तथा व्यावसायिक सहयोग प्रदान गरिनेछ।
- स्टार्टअप, नवप्रवर्तन र उच्च प्रविधिमा आधारित उद्योगलाई कर छुट, सहुलियत ऋण र लगानी प्रोत्साहन प्रदान गरिनेछ।
- विदेशमा रहेका नेपाली वैज्ञानिक तथा दक्ष जनशक्तिको ज्ञान, सीप र प्रविधिलाई राष्ट्र निर्माणमा उपयोग गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- 'नेपालमा अनुसन्धान, नेपालमै उत्पादन' अभियान सञ्चालन गरी स्वदेशी प्रविधि र नवप्रवर्तनलाई प्राथमिकता दिइनेछ।
- देशका सबै स्थानीय तहमा आवश्यकता र सम्भावनाका आधारमा अनुसन्धान तथा नवप्रवर्तन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ।
- सार्वजनिक खरिद प्रणाली र अनुसन्धान तथा नवप्रवर्तनको प्रकृति फरक भएकाले सार्वजनिक खरिद ऐन र अनुसन्धान, नवप्रवर्तन तथा आविष्कार सञ्चालन तथा खरिद ऐन छुट्टाछुट्टै निर्माण गरिनेछ, ताकि अनुसन्धान कार्य अनावश्यक प्रशासनिक जटिलताबाट मुक्त रहोस्।

## स्थानीय तहको विकास

- स्थानीय तहलाई आर्थिक, प्रशासनिक र विकासका दृष्टिले आत्मनिर्भर, अधिकारसम्पन्न र प्रविधिमैत्री बनाइनेछ।
- प्रत्येक स्थानीय तहमा गुणस्तरीय सडक, खानेपानी, सिँचाइ, विद्युत्, इन्टरनेट, स्वास्थ्य, शिक्षा तथा आधारभूत पूर्वाधारको पहुँच सुनिश्चित गरिनेछ।
- स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गरी कृषि, उद्योग, पर्यटन र उत्पादनमूलक क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ।
- एक स्थानीय तह, एक प्रमुख उत्पादन, एक उद्योग र एक पर्यटन गन्तव्य नीति लागू गरिनेछ।
- स्थानीय तहको बजेट, योजना, ठेक्का र खर्चलाई पूर्ण रूपमा डिजिटल तथा पारदर्शी बनाइनेछ।

- स्थानीय तहमा सुशासन, भ्रष्टाचारमुक्त प्रशासन र समयमै सेवा प्रवाह सुनिश्चित गरिनेछ।
- दुर्गम तथा पिछडिएका स्थानीय तहका लागि विशेष विकास र पूर्वाधार कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय सरकारलाई नागरिकप्रति उत्तरदायी, सेवा केन्द्रित र परिणाममुखी बनाइनेछ।

## बैंक, वित्तीय संस्था तथा सहकारीमा सुधार, नियन्त्रण र नियमन

- राष्ट्रिय सामाजिक पार्टीको नीति अनुसार बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रलाई पारदर्शी, उत्तरदायी, सुरक्षित र जनमुखी बनाइनेछ। बचतकर्ताको रकमको सुरक्षा राज्यको प्राथमिक दायित्व हुनेछ।
- बैंक, वित्तीय संस्था र सहकारीमाथि कडा तथा प्रभावकारी नियमन लागू गरिने।
- सहकारी, लघुवित्त र वित्तीय संस्थाको नियमित डिजिटल अनुगमन तथा स्वतन्त्र लेखापरीक्षण अनिवार्य गरिने।
- समस्याग्रस्त सहकारीको पुनर्संरचना गरी बचतकर्ताको रकम फिर्ता गराउन विशेष संयन्त्र स्थापना गरिने।
- बैंक तथा वित्तीय संस्थाको ब्याजदर, सेवा शुल्क र जरिवानालाई पारदर्शी तथा न्यायसंगत बनाइने।
- बैंक तथा सहकारीका सञ्चालक र उच्च व्यवस्थापनलाई उत्तरदायी बनाउँदै सुशासन र नैतिक आचरणको कडाइका साथ कार्यान्वयन गरिने।
- आधुनिक प्रविधिमा आधारित वित्तीय प्रणाली विकास गरी साइबर सुरक्षा, डिजिटल भुक्तानी र वित्तीय साक्षरतालाई विस्तार गरिने।
- १५ लाख रुपैयाँसम्मको ऋणमा ऋणीले भुक्तानी गरेको कुल ब्याज रकम मूलधन (सावाँ) को शतप्रतिशत (१००%) बराबर वा सोभन्दा बढी पुगेपछि बाँकी मूलधन तथा ब्याज स्वतः मिनाहा हुने व्यवस्था लागू गरिनेछ।
- देशको आर्थिक स्थायित्व, उत्पादनमूलक लगानीको प्रवर्द्धन तथा सर्वसाधारण नागरिकलाई सुलभ वित्तीय सेवा उपलब्ध गराउने उद्देश्यले बैंकिङ कर्जाको ब्याजदर अधिकतम ७ प्रतिशतमा स्थिर गरिनेछ। साथै, वित्तीय संस्था तथा सहकारी संस्थाले लिने कर्जाको ब्याजदर अधिकतम १० प्रतिशत भित्र सीमित रहने गरी आवश्यक कानुनी तथा नियामकीय व्यवस्था गरिनेछ।
- बैंक तथा वित्तीय संस्थाले कर्जा असुलीका लागि कानुनबमोजिम धितो वा सुरक्षणमा रहेको सम्पत्तिबाट मात्र आफ्नो दाबी सुनिश्चित गर्ने व्यवस्था गरिनेछ।

- कुनै व्यक्तिले लिएको कर्जाको दायित्वका आधारमा निजका सन्तान वा भावी पुस्ताको शिक्षा, वैदेशिक अध्ययन, रोजगारी, व्यवसाय वा अन्य मौलिक नागरिक अधिकारमा कुनै प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिबन्ध लगाउन नपाइने कानुनी व्यवस्था गरिनेछ।
- व्यक्तिगत ऋणको दायित्वलाई पुस्तान्तर रूपमा हस्तान्तरण गरी परिवारका अन्य सदस्यलाई अनावश्यक रूपमा दण्डित वा वञ्चित गर्ने कुनै पनि अभ्यासलाई निषेध गरिनेछ।